१२३४/८४६

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ६२८/२०७२/०७३

निर्णय नं. ८४६

जिल्ला मोरङ्ग, विराटनगर-१५ बस्ने पंचम देवी राजवंशी........................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, श्रम कार्यालय, कोशी अञ्चल, विराटनगर........................................१ विपक्षी

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला मोरङ्ग, विराटनगर-१५ बस्ने पंचम देवी राजवंशीले श्रम कार्यालय, कोशी अञ्चल, विराटनगर समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी जिल्ला प्रशासन कार्यालय, मोरङ्ग मार्फत यस आयोग समक्ष मिति २०७२।१२।३० मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिँदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी श्रम कार्यालय, कोशी अञ्चल, विराटनगरका कार्यालय प्रमुखको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. पुनरावेदकले मिति २०७२।०९।०१ मा पेश गरेको निवेदन माथि के कारवाही भयो ? कुन पदाधिकारीसँग सो निवेदन कति दिनसम्म रह्यो ? त्यस कार्यालयको नियम, निर्देशिका, वडापत्र अनुसार कति दिनभित्र उक्त निवेदनमा कारवाही हुनुपर्ने हो ?

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल जेठ ५ गते रोज ४ शुभम् ।